आज मिति २०८२।११।२६ गते मङ्गलबारको दिवस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलको कार्यसूचीमा रहेका प्रस्ताव माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | [signature] |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | [signature] |
| ३ | लक्ष्मी बहादुर खत्री | का. वडाध्यक्ष वडा नं. १ | [signature] |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | [signature] |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | [signature] |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | — |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | [signature] |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | [signature] |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | [signature] |
| १० | ~~बाबुराम अर्याल~~ शैलेन्द्र वल्वाई | का.वा. वडाध्यक्ष वडा नं. ८ | [signature] |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | [signature] |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | — |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | [signature] |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | [signature] |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | [signature] |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | — |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | [signature] |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | [signature] |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | [signature] |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | [signature] |
| २१ | भक्तिराम मरासिनी | सचिव | [signature] |

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

**आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८२।११।२६ गते, बैठक संख्या:१० को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. १०.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. १०.२ भू-उपयोग क्षेत्र परिवर्तन सम्बन्धमा,

प्रस्ताव नं. १०.३ आय व्यय सम्बन्धमा,

प्रस्ताव नं. १०.४ वार्षिक/नियमित कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. १०.५ ठेक्का नं.०६५।८२।८३ मा देखिएको किर्ते कागजातको सम्बन्धमा,

प्रस्ताव नं. १०.६ जग्गा नापनक्साको ब्लकहरु सम्बन्धमा,

प्रस्ताव नं. १०.७ आर्थिक वर्ष २०८१।८२ लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन छलफल सम्बन्धमा,

प्रस्ताव नं. १०.८ योजना तथा कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. १०.९ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं. ९.१० नगर उप-प्रमुख सिप विकास तालिम सञ्चालन सम्बन्धमा,

प्रस्ताव नं. ९.११ आन्तरीक रोजगारी प्रवर्द्धनका लागि सझेदारी सम्बन्धमा,

प्रस्ताव नं. ९.१२ कार्यविधि स्वीकृति सम्बन्धमा,

प्रस्ताव नं. १०.१३ विविध ।

**मिति: २०८२।११।२६ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक संख्या: १० का निर्णयहरु**

**प्रस्ताव नं. १०.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. १०.१** बाणगङ्गा नगरपालिकाको १८औं नगरसभा सम्पन्न भएको, बहुवर्षिय योजना स्वीकृतिको लागि सिफारिस गरिएको, केही योजना तथा कार्यक्रमहरु संसोधन गरिएको। नदीजन्य पदार्थ उत्खननको लागि अगाडी बढाईएको, समपुरक र विशेष योजनाहरु छनोट गरी सम्बन्धित निकायमा पठाईएको । सडक बोर्डको योजना छनोट गरिएको, बाणगङ्गा नगरपालिका वडा नं. २ स्थित पिपरा भन्ने ठाउँमा वडा कार्यालयको वालसंग सटेको सार्वजनिक शौचालय सञ्चालनको लागि समितिलाई हस्तान्तरण गरिएको सोही अनुसार अभिलेख गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १०.२ भू-उपयोग क्षेत्र परिवर्तन सम्बन्धमा,**

**निर्णय नं. १०.२** बाणगंगा नगरपालिकाको भू-उपयोग क्षेत्र बर्गीकरणको आधारमा कित्तागत विवरण तयार गर्दा क्षेत्रहरु फरक पर्न गएको हुदाँ भू-उपयोग क्षेत्र परिवर्तनको लागी बाणगंगा नगरपालिका नगर स्तरिय भू-उपयोग परिषद्को मिति २०८२।११।२५ गते बसेको बैठक बाट निर्णय भई आएका कुल ६ निम्नानुसारको निवेदनहहरुको क्षेत्र परिवर्तन गरि राजपत्र शंसोधन तथा मालपोत कार्यालय, बाणगंगा, तौलिहवा र नापी कार्यालय बोडगाउ, तौलिहवा कपिलवस्तुमा पत्राचार गर्ने निर्णय गरियो।

| सि.न. | गाविसको नाम | सिट नं | कित्ता नं | हालको क्षेत्र | परिवर्तन गरिएको क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मोतिपुर | ९ग | ९०७ | कृषि | आवासीय | |
| | | | ९८८ | कृषि | आवासीय | |
| | | | ९८९ | कृषि | आवासीय | |
| | | | ९९० | कृषि | आवासीय | |
| | | | ९९१ | कृषि | आवासीय | |
| २ | मोतिपुर | २क | ४६४१ | कृषि | आवासीय | |
| | | | ४६३५ | कृषि | आवासीय | |
| ३ | हथौसा | ३क | ४७० | आवासीय | कृषि | |
| ४ | मोतिपुर | १क | ४९६ | व्यावसायीक | कृषि | |
| ५ | मोतिपुर | २क | ४५३७ | कृषि | आवासीय | |
| ६ | ठू-पिपरा | ३क | १३११ | कृषि | आवासीय | |
| | | | १३१२ | कृषि | आवासीय | |
| | | | १३१३ | कृषि | आवासीय | |
| | | | १३१४ | कृषि | आवासीय | |
| | | | १३१५ | कृषि | आवासीय | |
| | | | १३१७ | कृषि | आवासीय | |

**प्रस्ताव नं. १०.३ आय व्यय सम्बन्धमा,**

**निर्णय नं. १०.३** यस नगरपालिकाको चालु आ.व.२०८२।०८३ को हालसम्मको प्राप्त आम्दानी रु.६८,५२,१६,५६१।– (५३.१२%) जसमध्य चालु खर्च रु.३०५१७०८१४।– (३९.२६%) र पुजिगत तर्फ रु.५,३४,०३,८०१ (११.०६%) व्यय भएकोले सोही बमोजिम जानकारिको लागि सार्वजनिक गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १०.४ वार्षिक/नियमित कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १०.४** चालु आर्थिक वर्षमा गरिने विभिन्न कार्यक्रमहरु निम्नानुसारको मिति स्थान र समयमा सञ्चालन गर्ने निर्णय गरियो।

| सि.नं. | कार्यक्रम | सञ्चालन मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | ७औं मेयर कप | २०८२।१२।१२ गते | बुद्ध रङ्गशाला | शिक्षा शाखाले समन्वय गर्ने |
| २ | दोस्रो उपमेयर कप | मेयरकप सम्पन्न पश्चात लगतै | बुद्ध रङ्गशाला | शिक्षा शाखाले समन्वय गर्ने |
| ३ | सार्वजनिक सुनुवाई | २०८२।१२।०८ गते | उद्योग बाणिज्य संघको हल | प्रशासन शाखाले समन्वय गर्ने |
| ४ | संयुक्त शिविर | २०८२।१२।२७ गते | पटना मेच्कुरीडाँडा | राजस्व शाखाले समन्वय गर्ने |

**प्रस्ताव नं. १०.५ ठेक्का नं.०६५।८२।८३ मा देखिएको किर्ते कागजातको सम्बन्धमा,**

**निर्णय नं. १०.५** मधुवन नाकाबाट ५६,८१४.१० घ.मी. नदीजन्य पदार्थ उत्खनन तथा संकलनको लागि न्यूनतम अङ्क रु.२,००,६३,९००।– दुई करोड त्रिसठ्ठी हजार नौ सय कायम गरी (ठेक्का नं. ६५।०८२।८३ Excavation and Extraction of Natural River bed Materials, Sand, gravel and boulder of Banganga) को ई-बिड गरिएकोमा डि.एण्ड बि. भरतपुर चितवन निर्माण व्यवसायीले ६,२७,१५,०००।– छ करोड सत्ताईस लाख पन्ध्र हजार कबोल गरेको र प्राईम बैंक भरतपुर शाखाको Bid Security No: 003-26-054BB (Amount: Rs. 40,00,000/-) चालिस लाख रकमको किर्ते बैंक जमानत तयार गरी पेश गरेको आशंका लागि यस कार्यालयको च.नं.२५३८, मितिः२०८२।११।१४ गतेको पत्रबाट उक्त बैंक जमानत बैंकबाट जारी हो वा होईन भन्ने विषयमा सोधपुछको लागि पठाईएकोमा प्राईम बैंक भरतपुर, चितवनको २०८२।११।१७ मा यस कार्यालयलाई लेखिएको पत्रानुसार सो बैंक ग्यारेन्टी आफ्नो आधिकारिक बैंक ग्यारेन्टी नभएको भनि पठाएकोले उक्त किर्ते कार्य नियतबस कार्यालयलाई झुक्याउने र यस कार्यालयको काम कारवाहीमा प्राभाव पार्ने उद्देश्य राखि कार्य गरेको ठहर हुन आएकोले निजको बोलकबोल मूल्याङ्कनमा समावेस नगर्ने र कानून बमोजिम आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।

**प्रस्ताव नं. १०.६ जग्गा नापनक्साको ब्लकहरु सम्बन्धमा,**

**निर्णय नं. १०.६** बाणगंगा नगरपालिका नगर स्तरिय सहजिकरण समितिको मिति २०८२।११।२५ गते बसेको बैठक बाट निर्णय भई आएका विभिन्न वडाहरुको तपसिल बमोजिमका ब्लकहरुको प्रकृति र क्षेत्रहरु निर्धारण गरिएको निर्णय अनुमोदन गरि भूमि समस्या समाधान आयोग, जिल्ला समिति कपिलवस्तुमा पत्राचार गर्ने निर्णय गरियो।

| क्र. सं. | ब्लक नं | वार्ड नं | साविक गाविस | कित्ता नं | प्रकृति | क्षेत्र |
|---|---|---|---|---|---|---|
| १. | ओदारी ब्लक नं ४ | ११ | हथौसा ३क | ६ | प्रति ऐलानी | सरकारी सार्वजनीक |
| २. | घेरवा ब्लक नं १ | ७ | मोतिपुर २ख | ४५ | प्रति ऐलानी | सरकारी सार्वजनीक |
| ३. | घेरवा ब्लक नं ३ | ७ | मोतिपुर २ख | १२७ | प्रति ऐलानी | सरकारी सार्वजनीक |
| ४. | घेरवा ब्लक नं २ | ७ | मोतिपुर २ख | १३० हाल; (३४९-३५२) | प्रति ऐलानी | सरकारी सार्वजनीक |
| ५. | मोतिपुर डाँडाँ र बनगाई ब्लक नं २ | ७ | मोतिपुर २क | १ | प्रति ऐलानी | सरकारी तथा सार्वजनीक |
| ६. | धुरपाईला ब्लक नं १ | ७ | मोतिपुर २क | १४६, हाल (१३६१, १३६, १३६३ | प्रति ऐलानी | सरकारी सार्वजनीक |
| ७. | कोईली बनगाई सडक चोक उत्तर ब्लक नं ८ | ७ | मोतिपुर २ग | १०४ | प्रति ऐलानी | सरकारी सार्वजनीक |
| ८. | मोतिपुर डाँडाँ र बनगाई ब्लक नं ६ | ७ | मोतिपुर २क | १०५ | आवाद लायक ऐलानी | सरकारी सार्वजनीक |

बाणगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बाणगंगा, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

CamScanner

**प्रस्ताव नं. १०.७ आर्थिक वर्ष २०८१।८२ लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन छलफल सम्बन्धमा,**

**निर्णय नं. १०.७** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ३७ (१) अनुसार आर्थिक वर्ष २०८१।८२ का कारोबारको महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त हुन आएको प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुको सम्बन्धमा ३५ दिनभित्र आवश्यक पुष्ट्याई प्रमाण राखी फछ्र्यौट गरी सो व्यहोरा सम्परीक्षणको लागि महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम बाणगङ्गा नगरपालिकाको कार्यपालिका बैठकले उल्लेखित बेरुजुको प्रकृति अनुसार छलफल गरी सैद्धान्तिक बेरुजुहरुलाई तोकिएका कारण, परिस्थिति, औचित्य र आधारहरूको विश्लेषण सहित आवश्यक प्रक्रियाहरू पुरा गरी फछ्र्यौट तथा सम्परीक्षण लागि पेश गर्ने, असुल उपर गर्नुपर्ने बेरुजु सम्बन्धित व्यक्ति वा निकायबाट असुल उपर गरी उक्त रकम दाखिला गराई सोको विवरणहरू पेश गर्ने र प्रमाण जुटाउनुपर्ने वील भरपाई, ठेक्कापट्टाका कागजात; वैंक भौचर, हाजिर, रकम वितरण गरेका भरपाई वा सो सम्बन्धी अन्य विवरण आदि जस्ता कुनै कागजात वा प्रमाण पेश नभएको भनी उल्लेख भएको बेरुजुको सम्बन्धमा सो सम्बन्धी प्रमाण तथा कागजातहरू पेश गर्ने तथा नियमित गर्नुपर्ने बेरुजुहरु प्रचलित कानूनको रीत पुऱ्याउनु पर्नेमा सो रीत नपुऱ्यायर अनियमित भएको रहेछ भने यथासम्भव पुष्ट्याई गरी प्रमाणहरू सहित फछ्र्यौट तथा सम्परीक्षणका लागि पेश गर्ने र आगामी आर्थिक वर्षहरुमा बेरुजु सिर्जना नै नहुने प्रयास गरी  कार्यमा सरलता, एकरुपता र प्रभावकारीता वृद्धि गर्ने तर्फ ध्यान दिने निर्णय गरियो।

**प्रस्ताव नं. १०.८ योजना तथा कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १०.८** यस नगरपालिकाको चालु आर्थिक वर्ष ०८२।०८३ मा सम्पन्न गरिने योजना तथा कार्यक्रमहरुको विषयमा प्रस्तुत भई छलफल भयो हालसम्म आउँदा निम्नानुसार वडागत योजना र प्रगति देखिएकोले यथासक्य छिटो कार्यक्रम सम्पन्न हुने गरी आवश्यक समन्वय गर्ने निर्णय गरियो।

| वडा न. | दर्ता योजना | सम्झौता | सम्पन्न योजना | सम्पन्न हुन बाँकी योजना |
|---|---|---|---|---|
| वडा न. १ | २६ | २६ | ८ | १८ |
| वडा न. २ | ३८ | ३८ | ९ | २९ |
| वडा न. ३ | २७ | २७ | ७ | २० |
| वडा न. ४ | २५ | २५ | १ | २४ |
| वडा न. ५ | ३८ | ३८ | ७ | ३१ |
| वडा न. ६ | २४ | २४ | ४ | २० |
| वडा न. ७ | ३५ | ३५ | १४ | २१ |
| वडा न. ८ | ४६ | ४६ | ९ | ३७ |
| वडा न. ९ | ३० | ३० | ६ | २४ |
| वडा न. १० | ३८ | ३८ | ७ | ३१ |
| वडा न. ११ | ३३ | ३३ | १२ | २१ |
| जम्मा | ३६० | ३६० | ८४ | २७६ |
| २३.७८% प्रगति देखिएको | | | | |

**प्रस्ताव नं. १०.९ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १०.९** यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रमको सि.नं.९६ र ९७  मा रहेका कार्यक्रमहरु राष्टिय रोजागार प्रवर्धन कार्यक्रम अन्तर्गत आन्तरिक रोजगार सिर्जना/ प्रवर्द्धनका कार्यक्रम क्रियाकलप सञ्चालन निर्देशिकामा तोकिय बमोजिम संचालन गर्ने र क्रियाकलाप कार्यान्वयनको  लागि स्थानीय तह वाट समेत छुट्टईएको रकम र संघको बजेट साझेदारी गरी  सघको बजेट  रकम रु. ४,७२,०००( चार लाख बहत्तर हजार मात्र) श्रमिकको ज्यालामा र आन्तरिक श्रोतको बजेट

५,००,०००/- (पाँचलाख मात्र) योजानामा आवश्यक सामाग्रीमा खर्च हुने गरी नगर स्तरिय १ मात्र योजना छनोट गरि कार्यान्वयन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९.१० नगर उप-प्रमुख सिप विकास तालिम सञ्चालन सम्बन्धमा,**

**निर्णय नं. ९.१०** नगर उप-प्रमुख सिप विकास तालिम बार्षिक नगर विकास कितावको सि. न. ३२१ संकेत न.२२५२२ राजश्व बाँडफाँड - स्थानीय तर्फको उपप्रमुख सिप विकास तालिम शिर्षकको रकम रु. २५,००,०००/- (अक्षयरुपी पच्चिस लाख रुपैया मात्र) रोजगार शाखा बाट निम्न प्रकारका सिप विकाश तालिमहरु संचालन गर्ने।

**तपसिलका तालिमहरु:-**

| सि.नं. | तालिम कार्यक्रम | बजेट |
|---|---|---|
| १ | जुनियर व्यूटिपार्लर तथा सौन्दर्य प्रसोधन सिप विकाश तालिम | ६,००,०००।- |
| २ | ग्राफिक्स डिजाइन तथा फोटोग्राफर सिप विकास तालिम | ५,००,०००।- |
| ३ | मन्टेश्वरी प्रशिक्षक तालिम | ६,००,०००।- |
| ४ | केयरगिभर तालिम | ५,००,०००।- |
| ५ | पञ्चेबाजा बजाउने तालिम | ३,००,०००।- |

**प्रस्ताव नं. ९.११ आन्तरीक रोजगारी प्रवर्द्धनका लागि सझेदारी सम्बन्धमा,**

**निर्णय नं. ९.११** यस नगरपालिकाको आ.व.२०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रमको सि.नं. ९५ आन्तरीक रोजगारी प्रवरद्धनका लागि वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई उद्मशिलता प्रवर्द्धन कार्यक्रम शिर्षका रहेको रु.१ लाख र नगरपालिकाको १८औं नगरसभाबाट विनियोजन गरिएको रु.४,००,०००।- (अक्षरुपी चार लाख रुपैया मात्र) साजेदारी गरी जम्मा रकम रु.५,००,०००।- पाँच लाख रुपैयामा तपसिलको तालिम संचालन गर्ने।

| सि.नं. | तालिम कार्यक्रम | बजेट |
|---|---|---|
| १ | मोटरसाईकल रिपेयरिङ तालिम | ५,००,०००।- |

**प्रस्ताव नं. ९.१२ कार्यविधि स्वीकृति सम्बन्धमा,**

**निर्णय नं. ९.१२** विधायन समितिबाट सिफारिस भई आएका निम्नानुसारका कानूनहरु स्वीकृत गर्ने निर्णय गरियो।

| सि.नं. | तालिम कार्यक्रम |
|---|---|
| १ | सार्वजनिक शौचालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ |
| २ | लक्षित समूह/समुदायमका लागि सीप विकास तालिम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ |
| ३ | विद्यालय सुपरीवेक्षण, स्तरीकरण तथा शिक्षकको पेशागत सहयोग कार्यविधि, २०८२ |

**प्रस्ताव नं. १०.१३ विविध।**

**निर्णय नं. १०.१३.१** हिंसा पिडित महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुलाई व्यवस्थापन तथा संचालनका लागि पेज नं. १४६, सि.नं. २९४(३) मा अनुदान स्वरुप रु.१,००,०००।– (अक्षेरुपी एक लाख) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा तर्फ विनियोजन भएकोमा जिल्लामा हिंसा प्रभावित क्षेत्रमा काम गर्दै आएको "साथी" संस्थालाई उक्त रकम अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

CamScanner

**निर्णय नं. १०.१३.२** प्रतिनिधि सभा निर्वाचन, २०८२ मा सहभागी भई प्रतिस्पर्धा गर्ने सबै उम्मेदवार प्रयास, प्रतिबद्धता र योगदान प्रशंसनीय छ, निर्वाचनमा विजयी हुनुहुने सम्पूर्ण उम्मेदवारहरूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै विजय प्राप्त गर्न नसकिए पनि लोकतान्त्रिक प्रक्रियामा निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सफल बनाउन सहयोग पुऱ्याउनु हुने सम्पूर्ण उमेदवार, राजनितिक दल, मतदाता, सुरक्षाकर्मी, कर्मचारी, सञ्चारकर्मी तथा सहयोगी सबैप्रति हार्दिक धन्यवाद र आगामी दिनहरूमा पनि आपसी सद्भाव, सहकार्य र लोकतान्त्रिक मूल्य–मान्यतालाई बलियो बनाउँदै अगाडि बढ्न सबैमा हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

**निर्णय नं. १०.१३.३** २५७० वर्ष अघि कपिलवस्तु नगरपालिका वडा नं. ९ स्थित सागरहवा (लम्बुसागर) तालमा शाक्यहरुको सामुहिक वध भएको स्थलमा शाक्य पितृ दिवश पहिलो पटक बौद्ध धार्मिक गुरुहरुबाट पुजन परित्राण पाठ तथा होम आदि गर्नको लागि शाक्य पितृ स्मरण दिवस व्यवस्थापन समितिबाट आर्थिक सहयोग माग भई आएकोले उक्त समितिलाई रु.५०,०००।– आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०.१३.४** बाणगङ्गा नगरपालिका वडा नं. २ स्थित तारापति चोक देखि उत्तर पिपरा जाने बाटो अधुरो रहेको र सम्पन्न हुन बाँकी कामको लागत स्टिमेट गर्दा रु.१५लाख आवश्यकता पर्ने देखिएकोले उक्त योजना कार्यान्वयनको लागि म्याचिङ फन्ड शिर्षकबाट रु.१५लाख छुट्याई अधुरो योजना सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं. १०.१३.५** चालु आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रमको सि.नं.३५(५) मा रहेको गौशाला निर्माण तथा सुदृढीकरण कार्यक्रम मा रहेको सशर्त बजेटबाट मधुवनमा रहेको भागिरथी गौशालामा गौ व्यवस्थापनको लागि संरचना निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. १०.१३.६** नदिजन्य पदार्थ उत्खनन तथा संकलनको लागि प्रारम्भिक वातावरणिय प्रतिवेदन अनुसार हेवी ईक्वीपमेन्ट प्रयोग गर्न तोकेको स्थानमा Excavator/Back-Ho-Loder प्रयोग गरि उत्खनन गर्न अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. १०.१३.७** रोकिएका लक्षित वर्गका कार्यक्रमहरुलाई अगाडी बढाई यथासक्य छिटो सम्पन्न गराउने निर्णय गरियो।

**निर्णय नं. १०.१३.८** लागत सहभागितामा सम्पन्न हुने योजनाहरुलाई कार्यान्यवन गर्न छुट्टाईएको कूल बजेट (लागत सहभागिता बाहेक) रु.१०लाख सम्म भएमा र कार्यान्वयन गर्न उपभोक्ता समिति ईच्छुक रहेमा उक्त योजना उपभोक्ता समिति मार्फत गर्न सकिने र सो भन्दा विनियोजित बजेट सो भन्दा बढी भएमा टेन्डर प्रकृयाबाट कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०.१३.९** प्रतिनिधि सभा निर्वाचन सम्पन्न गर्नको लागि सशस्त्र प्रहरीहरुको सुरक्षा क्याम कपिलधाम अन्तर्गत कपिल प्रज्ञा पुस्तकालयमा बसोबासको बन्दोबस्त मिलाउन उक्त भवनमा मर्मत सम्भारमा लागेको खर्च रु.१८,०००।– संघसंस्था सहयोग शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०.१३.१०** यस नगरपालिका वडा नं. ८ बस्ने श्रृष्टि सापकोटा Jean-Picted International Humanitarian Law Competition मा सहभागी हुँदा निजले पेश गरेको प्रस्तावना अनुसार रु.२,४७,२३०।– अनुमानित खर्च रहेको। अन्तराष्ट्रिय कार्यक्रममा नगरका नागरिकहरुको सफलता यस नगरपालिकाको गौरवको विषय भएकोले निज स्मृति सापकोटालाई अन्य संघसंस्था सहयोग शिर्षकबाट प्रोत्साहन स्वरुप रु.२५,०००।– (पच्चिस हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

CamScanner